# कटारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः०८** **संख्याः०३** **मितिः२०८१/०१/१२**

## कटारी नगरपालिकाको चिस्यान केन्द्र (Cold Storage) संचालन कार्यविधि, २०८१

नगरपालिकाबाट स्वीकृत मिति :२०८१/०१/११

**प्रस्ताव :**

यस कटारी नगरपालिका, उदयपुर जिल्ला तथा आसपासका जिल्लाहरुमा विभिन्न प्रकारका कृषिजन्य उत्पादनहरु चिस्यान केन्द्रको अभावमा सड्ने बिग्रने तथा भण्डारण गर्न टाढा सम्म पुर्याउनु पर्ने बाध्यताका कारण कृषकहरुलाई निरन्तर रुपमा मार परिरहेको अवस्थामा यस नगरपालिका भित्र रहेका चिस्यान केन्द्रहरुको संचालनको लागि यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **सन्क्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "कटारी नगरपालिकाको चिस्यान केन्द्र संचालन कार्यविधि, २०८१ रहेको छ ।

ख) यो कार्यविधि कटारी नगरपालिकाको कार्यपालिका बाट स्वीकृत भइ राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कृषिजन्य वस्तु" भन्नाले कृषकहरुले उत्पादन गरेको कृषि तथा पशुपन्छीजन्य उत्पादन सहित लामो समयसम्म भण्डारण गर्न सकिने जस्तै दुध, दुग्धजन्य पदार्थ, आलु, प्याज, अदुवा, बेसार तथा फलफूल लगायतका कृषिजन्य उत्पादन बुझ्नु पर्ने छ।

ख) "चिस्यान केन्द्र" भन्नाले कृषि उपजको सुरक्षित भण्डारणको लागी चिस्यान सुविधा भएको एक वा धेरै कक्ष भएको संरचना (कोल्ड स्टोर ) सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले चिस्यान केन्द्रको संचालनको निम्ति दफा २ अनुसार गठीत चिस्यान केन्द्र व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

३. **उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) कृषि उपजहरुको उत्पादन उपरान्तको क्षति न्यूनीकरण गर्ने ।

ख) कृषि उपजको गुणस्तर प्रवर्द्धन र मूल्य अभिवृद्धि सहित बजारको माग अनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने ।

ग) कृषि उपजहरुको बजारीकरणलाई सहज गराउने ।

घ) यस क्षेत्रका कृषकहरुलाई आफ्नै क्षेत्रमा भण्डारणको सुविधा प्रदान गरि कृषि उत्पादन तर्फ आकर्षित गराउने ।

## परिच्छेद २
## चिस्यान केन्द्र संचालन

४. **चिस्यान केन्द्र संचालन :** चिस्यान केन्द्र संचालन नगरपालिका आफैं वा अन्य सरोकारवाला (नगरपालिका क्षेत्र भित्र कार्यरत कृषि सहकारी वा कृषक समूह वा व्यवसायिक कृषक वा नीजि क्षेत्र) मार्फत गरिनेछ ।

५. **चिस्यान केन्द्र संचालन समिति गठन :** चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन गर्ने, जिम्मेवार निकायको छनौट तथा चिस्यान केन्द्र सम्बन्धी अन्य अनुगमन तथा नियमनको लागि देहाय बमोजिमको चिस्यान केन्द्र व्यवस्थापन समिति रहनेछ ।

कटारी नगरपालिका नगर उप-प्रमुख संयोजक

आर्थिक विकास समिति संयोजक सदस्य

नगरसभा सदस्यहरुमध्येबाट संयोजकले तोकेको महिला सदस्य - १ जना सदस्य

कृषि सहकारी संस्थाको प्रतिनिधिहरु मध्येबाट प्रमुखले मनोनयन गरेको - १ जना सदस्य

कृषक समुहको सदस्यहरुमध्येबाट सम्बन्धित वडा समितिले छनौट गरेको - १ जना सदस्य

स्थानीय कृषक वा कृषि विज्ञहरुमध्येहरुबाट प्रमुखले मनोनयन गरेको १ जना सदस्य

कृषि शाखा प्रमुख सदस्य सचिव

६. **चिस्यान केन्द्रमा लाग्ने शुल्क तोक्नुपर्ने** : कृषिजन्य उत्पादनहरु चिस्यान केन्द्रमा राखे वापत कृषकहरुले संचालन समितिले निर्धारण गरे अनुसारको सेवा शुल्क तिर्नु पर्ने छ ।

७. **समितिले शुल्क निर्धारण र परिवर्तन गरेको जानकारी नगरपालिका कार्यालयलाइ तुरुन्त दिनुपर्ने छ ।**

८. **सुरक्षाको जिम्मेवारी व्यवस्था** : चिस्यान केन्द्रमा कृषिजन्य वस्तु भण्डारण गरे पछि कृषकले फिर्ता नलिएसम्म कृषि जन्य वस्तुको सुरक्षा गर्नु संचालकको कर्तव्य हुनेछ ।

९. विमा गराउन सकिने: भण्डारण गरिएको सामाग्रीको विमा गर्न सक्नेछ ।

१०. न्यूनतम मुल्य निर्धारण कार्यपालिकाले गर्नुपर्ने छ ।

## परिच्छेद ३

## छनौट प्रक्रिया

११. **सूचना प्रकाशन** : दफा ४ बमोजिम अन्य सरोकारवाला मार्फत चिस्यान केन्द्र संचालन गर्नु परेमा कटारी नगरपालिका क्षेत्र भित्रका अन्य सरोकारवालालाई कार्य योजना सहित प्रस्तावना पेश गर्न १५ दिने सूचना प्रकाशन गरिने छ ।

१२. **छनौट** : प्रस्तावना पेश गरेका कृषि सहकारी, कृषक समूह तथा निजि क्षेत्रहरु मध्ये कुनै एक संस्थालाई निजले पेश गरको प्रस्तावनाको मुल्यांकनको आधारमा चिस्यान केन्द्र संचालक समिति बाट छनौट गरि चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन गर्ने जिम्मा दिइने छ ।

१३. मुल्यांकनको आधार चिस्यान केन्द्र संचालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **कार्यक्रम सम्झौता** : दफा १२ बमोजिम छनौट भएको सरोकार संस्थालाई १५ दिन भित्र सम्झौता गरिसक्नु पर्नेछ ।

१५. मुल्यांकन तथा छनौट सम्बन्धि व्यवस्था सार्वजनिक खरिद कानुन बमोजिम हुनेछ ।

१६. **सम्झौता कार्यन्वयन** : सम्झौता पश्चात चिस्यान केन्द्र संचालन गर्ने निकायले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्डहरु पुरा गरि चिस्यान केन्द्र संचालन गर्नुपर्ने छ ।

## परिच्छेद ४

## विविध

१७. **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. **आवश्यक निर्देशन दिन सक्नेः चिस्यान केन्द्र संचालन सम्बन्धमा नगर कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्ने छ ।** त्यस्तो निर्देशनको पालाना गर्नु संचालन समितिको कर्तब्य हुनेछ ।

१९. **वाधा अड्काउ फुकाउ :** यस कार्यविधिको व्याख्यामा द्विविधा उत्पन्न भएमा चिस्यान केन्द्र संचालन समितिले आवश्यक निर्णय लिई वाधा अड्काउ फुकाउ गर्ने छ ।

२०. **कारवाहीको व्यवस्था :** चिस्यान केन्द्र संचालनको जिम्मेवारी पाएको निकायले कुनै किसिमको लापरवाही गरेको वा यस कार्यविधि र प्रचलित कानून पालना नगरेको पाईएमा संचालक समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक कार्वाही गर्नेछ ।

२१. **संसोधन :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आई परेमा कटारी नगरपालिका कार्यपालिका बैठकबाट संशोधन गर्न सकिने छ ।

**आज्ञाले**
**विनोद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**

कटारी नगरपालिका राजपत्र